# कुश्मा नगरपालिका : विकासका सम्भावना, अवसर र चुनौती

**राजेन्द्र पहाडी**

## पृष्ठभूमी

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानपछि संविधानसभामार्फत बनाइएको नेपालको संविधानले नेपाली नागरिकलाई आफ्नो शासन आफै गर्नेगरी सार्बभौमसत्ता सम्पन्न बनाएको छ । यही अधिकार प्रयोग गरी हामी कुश्मा नगरपालिकाबासी नागरिकहरुले पनि आफ्ना सयौं हजारौं परिवर्तनका सपनाहरुलाई साकार पार्ने ध्येयका साथ निर्वाचनका माध्यमबाट जनप्रतिनिधिहरु छनोट गरी स्थानीय सरकार बनाएका छौं । स्वाभाविक रुपमा शासन सत्ताले विकास, सुशासन, खुशहाली, अमनचैन र समृद्धिको जनचाहनालाई सम्बोधन गर्नै पर्दछ । कुश्मा नगरबासीहरुले पनि आफ्नो स्थानीय सरकारमार्फत यहाँ उपलब्ध प्राकृतिक, भौतिक, सामाजिक तथा साँस्कृतिक सबलताहरुको अधिकतम उपयोग गर्दै उच्च विकासका इच्छा, चाहना र आकांक्षाहरु पूरा हुने अपेक्षा राख्नु अन्यथा होइन । संविधानले निर्दिष्ट गरेका क्षेत्रमा कानून बनाउने अधिकार र कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारकारुपमा नगरपालिका आँफैसँग आएको छ । यो अधिकारलाई सुविचारित ढंगले प्रयोग गर्दै दीगो सोच, फराकिलो दृष्टिकोण र दलीय आग्रह पूर्वाग्रह नराखी नगरपालिकाको समग्र विकास र समृद्धिका खातिर एकाकार भै जुट्ने हो भने समृद्ध कुश्मा नगरपालिकाको सपना साकार पार्न कठिन पनि छैन ।

संघीयताको कार्यान्वयनसँगै गठन भएका स्थानीय सरकारहरु विपुल सम्भावना र केही झिनामसिना चुनौतीका बीचबाट गुज्रिरहेकाछन् । जिम्मेवारीमा बसेका पदाधिकारीहरुले सबैलाई समेटेर एकमना एकताका साथ विकासको महाअभियानमा जुट्ने हो भने केही वर्षमा आफ्नो पालिकालाई समृद्धिको शिखरमा पुऱ्याउन सकिन्छ । विना योजना र सुस्पष्ट कार्यक्रमिक ढाँचाको अभावमा कहीं पनि पुग्न सकिँदैन, तसर्थ कुश्मा नगरपालिकाले पनि आफ्ना १४ वटै वडाको वर्तमान अवस्था, सम्भावना, अवसर, कमजोरी तथा चुनौतीहरुको आँकलन गर्न सक्नुपर्दछ । यसका लागि आधारभूत सर्भेक्षण गर्ने, सर्भेक्षणबाट प्राप्त भएको तथ्य-तथ्याङ्कलाई 'अवाकस' विश्लेषण (SWOT Analysis) गर्ने र यसरी प्राप्त भएको अन्तिम नतिजाको आधारमा सामुहिक र सहकार्यमा आधारित आवधिक योजना निर्माण गरी कार्यान्वयनमा जानुपर्ने हुन्छ ।

हामी सबै सरोकारवालाहरु हातमा हात र काँधमा काँध मिलाएर काम गर्न सक्यौं भने कुश्मा नगरक्षेत्रको मुहार फेर्न सकिने कुरामा फरक मत रहन सक्दैन । हामीसँग प्रशस्त सम्भावना, अवसर र सफलताका कुञ्जीहरु उपलब्ध छन् । भौगोलिक, सामाजिक र साँस्कृतिक विविधताका कारणले कुश्मा नगरपालिका कमजोर छैन । भूगोल र प्रकृतिले पनि हामीलाई कैयन अवसरहरु उपलब्ध गराएको छ भने हाम्रा स्वप्नदर्शी योजना र कार्यक्रमहरुको कुशल कार्यान्वयनले कुश्मा नगरपालिका क्षेत्रलाई विकासका दृष्टिले अब्बल, सवल, सम्पन्न, उदाहरणीय र अनुकरणीय नगरका रुपमा विकास गर्न सकिन्छ । कुश्मा नगरपालिकाले थालनी गर्ने विकास निर्माणको भर्भराउँदो अभियानले सिंगो पर्वत जिल्लालाई नै अर्थपूर्ण ढंगले सहयोग पुऱ्याउन सक्दछ । यसै सन्दर्भमा कुश्मा नगरपालिकाको समग्र विकास, समृद्धि र सम्पन्नताको खाकासहित आगामी दिनमा गर्न सकिने कामका **अवसर र सम्भावना**का क्षेत्रहरुलाई विषयगत/क्षेत्रगत रुपमा निम्नानुसार प्रस्ताव गर्न सकिने अवस्था छ ।

## १. भौतिक पूर्वाधार विकास

- नगरक्षेत्रभित्र हाल रहेको सडक सञ्जालको स्तरउन्नती गरी क्रमश: कालोपत्रे गर्ने,
- कुस्मादेखि १४ वटै वडा कार्यालयसम्म कालोपत्रे सडकसहितको 'लिङ्क रोड' निर्माण गर्ने,
- वडाबासीहरुको वडा कार्यालयसँगको सहज पहुँचका लागि प्रत्येक वडामा शाखा र प्रशाखा सडकहरु निर्माण गर्ने,

- कुश्माको समग्र व्यापार व्यवसाय प्रवर्द्धनका लागि कुश्मा-कल्लेरी सडक निर्माण एवं कालोपत्रे गरी कल्लेरी कैया-मोटरेवल पुल निर्माण गर्ने,
- कुश्मा-ज्ञादीलाई एकीकृत उपत्यकाको रुपमा विकास गर्न छोटो दुरीमा कुश्मा-ज्ञादी मोटरेवल पुल निर्माण गर्ने,
- धार्मिक एवं पर्यटकीय क्षेत्र मोदीवेणी दिव्यधामको विकासमा टेवा पुऱ्याउने उद्देश्यले कुश्मा-मोदीवेणी सडक स्तरोन्नति गरी कालोपत्रे गर्ने, यसका लागि प्रस्तावित कालीगण्डकी बहुउद्देश्यीय जलाशय निर्माण परियोजनासँग आवश्यक सहकार्य र समन्वय गर्ने,
- प्रस्तावित पाङ-बागलुङ अग्लो तथा लामो झोलुङ्गे पुलको निर्माण कार्य यथाशिघ्र अघि बढाउने,
- छमर्के-खुर्कोट-पाङ्-नुवारहुँदै दमुवाखोला जोड्ने सडकलाई स्तरोन्नती एवं कालोपत्रे गरी बैकल्पिक कुश्मा-बेनी सडकको रुपमा विकास गर्ने,
- कुश्मादेखि कटुवाचौपारी-पिपलटारी-ठूलीपोखरी-खौला-आर्थरहुँदै पञ्चासे जोड्ने पर्यटकीय सडक निर्माण गर्ने,
- आर्थरबाट गङ्गटे, पकुवा, दोविल्लासम्मको सडकलाई रिङरोडको रुपमा विकास गरी कालोपत्रे गर्ने,
- त्यसैगरी कुश्मादेखि दुर्लुङ, अम्बोट, चनौटे, खुर्कोट, पाङ, मालढुङ्गा जोड्ने सडकलाई रिङ रोडको रुपमा विकास गर्ने,
- कुश्माबजारको प्रस्तावित रिङरोडलाई पूर्णता दिँदै बजार क्षेत्रका सबै सडकलाई कालोपत्रे गर्ने,
- नगर क्षेत्रभित्र सुविधा सम्पन्न सिटी हल निर्माण गर्ने,
- कुश्माबजारमा रहेको वसपार्कलाई व्यवस्थित तथा स्तरोन्नति गर्ने,
- पालिकाभित्रका सबै पर्यटकीय स्थानहरुमा पर्याप्त सार्वजनिक धारा तथा शौचालयको प्रबन्ध गर्ने,
- सामाजिक परम्परा अनुसारका कार्य गर्न तथा सभा-समारोह सञ्चालन गर्नका लागि नगरभित्र 'एक टोल - एक सामुदायिक भवन' निर्माण गर्ने,
- नगर क्षेत्रको सरसफाई र फोहोर व्यवस्थापनका लागि उपर्युक्त ल्याण्डफिल्ड साइडको व्यवस्थापन गर्ने, यस कार्यका लागि सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरुप काम अघि बढाउने,
- सार्वजनिक जग्गा संरक्षण अभियान अन्तर्गत नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको लगत संकलन गरी स्थानीय सरोकारवालाहरुको सहभागितामा समुचित उपयोग नीति तर्जुमा गर्ने,
- पकुवा/दोबिल्लाबाट या मोदी गाउँपालिकाको डिमुवाबाट पोखरा जोड्ने सुरुङ मार्ग निर्माणको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायहरुसँग सहकार्य गर्ने,

## २. पर्यटन विकास

- प्रशिद्ध पञ्चासेदेखि सहश्रधारासम्मको पर्यटकीय रुट निर्माण गरी आसपासका क्षेत्रलाई समेत समेटी दिर्घकालीन पर्यटन गुरुयोजना निर्माण गर्ने,
- कालीगण्डकीको जलयात्रा (ऱ्याफ्टीङ) लाई पर्यटन उद्योगको रुपमा विकास गर्न निजी क्षेत्रसँगको सहकार्यमा नयाँपुल, मोदीवेणी लगायत आवश्यक स्थानमा पूर्वाधारहरु (वेटिङ रुम, चेन्जिङ रुम, वाथरुम, ट्वाइलेट आदि) निर्माण गरी ऱ्याफ्टीङमैत्री नदीको रुपमा विकास गर्ने,
- ऐतिहासिक तथा धार्मिक महत्वका गुप्तेश्वर, अल्पेश्वर, लालेश्वर, पार्वती, भुवनेश्वरीलगायतका गुफाहरु प्रवर्द्धनका लागि दीर्घकालीन योजना तर्जुमा गरी प्रवर्द्धनात्मक र प्रचारात्मक कार्य गर्ने,
- पालिकाभित्रका सम्भाव्य स्थानहरुमा प्याराग्लाइडिङ, अल्ट्रालाइट, रक क्लाइमिङ, स्वीङ, बन्जी लगायतका साहसिक खेलको सम्भावनालाई कार्यान्वयन गर्न दीर्घकालीन योजना तयार गरी पोखराका पर्यटन व्यवसायी र स्थानीय निजी क्षेत्रसँग सहकार्य गर्ने,
- नगरपालिका क्षेत्रभित्र रहेका मठमन्दिर, देवालय, शिवालय, गुम्वा, ठाँटी, पौवा, मस्जिदलगायतका धार्मिक/साँकृतिक महत्वका स्थलहरुको संरक्षण र विकास गर्दै 'ततरकोट', 'दुर्लुङकोट', 'खौलाकोट', 'बाटुलेचौर', 'डाँडाखर्क गुम्वा' र 'ठूलीपोखरी'को संरक्षण एवं विकासका लागि योजनाबद्ध काम गर्ने,

- ➢ नेपालकै अग्ला र लामा पुल रहेको वडागाउँ क्षेत्रमा पीसपार्क, फनपार्क, भ्यू-टावर साथै दुर्लुङकोट, बाटुलेचौर, गुप्तेश्वर गुफा, अलपेश्वर गुफा परिसरमा व्यवस्थित पार्क र भ्यू-टावरको निर्माण गर्ने,
- ➢ आन्तरिक तथा वाह्य पर्यटकहरुलाई जिल्लाभित्रका पर्यटनसम्बन्धी सूचनाहरु उपलब्ध गराउन नगरक्षेत्रभित्र पर्यटन सूचना तथा सम्पर्क केन्द्र स्थापना गर्ने र पर्यापर्यटनलाई प्रवर्द्धन गर्ने,
- ➢ आर्थरडाँडाखर्कमा सञ्चालनमा रहेको होमस्टेलाई थप व्यवस्थित गर्दै पर्यटकीय सम्भावना भएका अन्य स्थानहरुमा पनि होमस्टेको विकास गर्ने,
- ➢ पर्यटकको सुविधाका लागि पालिकाभित्रका सबै पर्यटकीय स्थलहरुमा उच्च क्षमताको इन्टरनेट सुविधा उपलब्ध हुने व्यवस्था गर्ने,
- ➢ कुश्मादेखि बागलुङको प्रसिद्ध मन्दिर भैरमथानसम्म र कुश्मादेखि दुर्लुङकोटसम्म केवलकार निर्माण गर्न सम्भाब्यता अध्ययन गरी प्रक्रिया अघि बढाउन अग्रसरता लिने,

**३. शिक्षा र खेलकुद**

- ➢ संबैधानिकरुपमा सुनिश्चित गरिएको माध्यमिक तहको शिक्षा निशुल्कको अवधारणालाई प्रभावकारी रुपबाट कार्यान्वयन गरी औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट 'पूर्ण साक्षर नगर'को परिचयलाई स्थापित गर्ने,
- ➢ नगर शिक्षा नीति र शिक्षा ऐनलाई यथाशिघ्र पारित गरी लागू गर्ने र शिक्षामा कम्तीमा पनि २० प्रतिशत बार्षिक बजेट विनियोजन गर्ने,
- ➢ सबै बिद्यालयहरुको भौतिक संरचना, विद्यालय वातावरण र शिक्षण-सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री बनाई अपाङ्गता भएका बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशुल्क अध्ययन गराउने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने,
- ➢ ज्योतिष बिद्यामा प्रसिद्ध रहेको पाङ क्षेत्रमा ज्योतिषशास्त्र अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्ने,
- ➢ नगर क्षेत्रभित्र स्नातक तहसम्मको पठनपाठन हुने गरी सञ्चालनमा रहेका ३ वटा क्याम्पसहरुको भौतिक तथा शैक्षिक क्षमता विकासका लागि आवश्यक सहयोग गर्ने,
- ➢ जिल्लमा नै स्नातकोत्तर तहसम्मको अध्ययन गर्ने क्याम्पस नभएकोले नगरभित्र स्नातकोत्तर तहसम्मको क्याम्पस संचालनको व्यवस्था गर्न अग्रसरता लिने,
- ➢ पालिकाभित्र सञ्चालनमा रहेका प्राविधिक धारको पठनपाठन हुने शैक्षिक संस्थाहरुलाई थप व्यवस्थित गर्दै स्वास्थ्य क्षेत्रसँग सम्बन्धित नर्सिङ, एचए, सिएमएजस्ता विषय अध्यापन गर्ने व्यवस्था गर्न अग्रसरता लिने,
- ➢ पालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुलाई सुदृढीकरण गरी आवश्यकताअनुसार वडा र टोल तहमा बाल विकास केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउने,
- ➢ नगरभित्रका सबै विद्यालयहरुमा 'एक शिक्षक-एक ल्यापटप' र 'एक विद्यार्थी-एक ल्यापटप'को कार्यक्रम कार्यान्वयन गर्न दिर्घकालीन नीति अघि बढाउने,
- ➢ अपाङ्गता भएका बालबालिकाहरुका लागि कुश्मा नगरक्षेत्रभित्र सञ्चालित २ वटा स्रोत कक्षाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक सहयोगको प्रवन्ध गर्ने,
- ➢ निजी तथा संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गर्नका लागि संस्थागत संयन्त्र बनाउने र संस्थागत विद्यालयहरुलाई सामुदायिक विद्यालयहरुसँग सिकाइ हस्तान्तरण गर्न उत्प्रेरित गर्ने वातावरण बनाउने,
- ➢ बालमैत्री स्थानीय शासनको मर्मअनुरुप नगरपालिकालाई विकास गर्दै लैजानका लागि तत्सम्बन्धी काम गर्ने गैसस तथा निजी क्षेत्रसँग सहकार्य गर्ने, प्रत्येक विद्यालयमा बालक्लबहरु गठन गरी तिनको प्रभावकारी परिचालनको व्यवस्था मिलाउन सहजीकरण गर्ने,
- ➢ वडागाउँमा रहेको खेलकुद मैदानलाई व्यवस्थित बनाउने र नगर क्षेत्रभित्र प्रदेशस्तरीय खेलमैदानको लागि ज्ञादी, कुश्मा र पाङमा सम्भाव्यता अध्ययन गरी आधुनिक रंगशालाको निर्माण गर्ने,
- ➢ प्रत्येक वडामा खेलमैदानको स्थापना गर्ने, खेलका माध्यमबाट 'विकास-अनुशासन र गतिशीलता' को मान्यतालाई बालबालिका तथा युवायुवतीमा सम्प्रेषण गर्ने वातावरण बनाउने,

## ४. खानेपानी, ढल निकास र सिंचाई

- पालिकाभित्रका सबै वडाका सबै घरधुरीमा 'एक घर-एक धारा' अभियानका साथ स्वच्छ खानेपानी उपलब्ध हुनेगरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- कुश्माको खानेपानी आपूर्तिलाई सहज बनाउनका लागि कुश्मा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँग समन्वय गरी खानेपानीको स्रोत संरक्षण गर्ने र पानीको प्रशोधनका लागि ट्रिटमेन्ट प्लान्ट विस्तार गर्न आवश्यक सहयोग गर्ने,
- कुश्माभित्रको बढ्दो बजारीकरणलाई ध्यानमा राखि ट्रिटमेन्ट प्लान्टसहितको व्यवस्थित ढल निकासको गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने,
- सडक, विद्युत, खानेपानीलगायतका सेवा प्रदायक निकायहरुका बीचको समन्वयको अभावमा हुने गरेको दोहोरोपन र वेथितिलाई अन्त्य गरी समन्वयात्मक हिसाबले निर्माणका कामहरु अघि बढाउने,
- कालीगण्डकी नदीबाट लिफ्ट सिंचाई प्रणालीमार्फत पाङ खुर्कोटको खेतीयोग्य जमिनलाई सिंचाई गर्ने,
- मल्याङ्दी खोलाबाट कटुवाचौपारी क्षेत्रमा भइरहेको सिंचाईलाई थप व्यवस्थित गर्ने,
- स्थानीय खोला, खोल्सामा रहेका ठूला योजना तथा कुला कुलेसाहरुलाई वडास्तरीय योजनाबाट समावेश गरी नगरपालिकाका सबै क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराई कृषकहरुलाई वर्षैभरी खेती गर्न सक्ने अवस्था सिर्जना गर्ने,
- पालिकाभित्र रहेका जहरेखोला, भ्याप्लेखोला, खहरेखोला, रतिखोला, अम्बोटेखोला, फाप्रेखोला, रिठेखोला, तमादीखोला, मल्याङ्दीखोला, दमुवाखोला, सुन्दरेखोला, केवादीखोलाजस्ता स-साना खोला तथा खोल्साहरुको तटबन्धन गर्ने र जलाधार क्षेत्रको संरक्षणका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

## ५. स्वास्थ्य तथा सरसफाई

- कुश्मामा रहेको जिल्ला अस्पताललाई ५० शैयाको सुविधासम्पन्न अस्पतालको रुपमा स्तरोन्नती गर्ने,
- हरेक वडाका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नति गरी आधुनिक औजार-उपकरणको सुविधासहित व्यवस्थित गर्ने, वडाका सबै स्वास्थ्य केन्द्रहरुमा एक-एक वटा एम्बुलेन्सको प्रबन्ध गर्ने,
- मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने मिसावटयुक्त खाद्य सामग्री, अखाद्य वस्तु तथा अन्य उपभोग्य सामग्रीहरु विक्री-वितरण तथा उपभोग रोकथामका लागि उपभोत्ता हित संरक्षणको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँगको सहकार्यमा अनुगमन र नियमनकारी संयन्त्र बनाई कार्यान्वयन गर्ने,
- पालिकाभित्र सञ्चालित निजी अस्पताल र निजी क्लिनिकहरुले दिएको सेवाको गुणस्तर, मापदण्ड र सेवा शुल्क आदिका विषयमा नियमन तथा अनुगमन गर्नका लागि भिन्दै संयन्त्र बनाई कार्यान्वयन गर्ने,
- कुश्मा बजार र पालिकाका अन्य वडाहरुमा समेत फाट्टफुट्टरुपमा देखापर्न थालेको लागूपदार्थ दुर्व्यशन, मादकपदार्थ सेवन आदिका समस्याको न्यूनीकरण तथा निवारणका लागि होटल व्यवसायी, मदिरा व्यवसायी तथा प्रहरी- प्रशासनसँग समन्वय गरी उपचारात्मक, नियन्त्रात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- नगरक्षेत्रभित्र खुलारुपमा बिक्री वितरणका लागि राखिने चट्पटे तथा पानीपुरी पसलहरुको अनुगमन गरी अखाद्य पदार्थ प्रयोग नभएको सुनिश्चित गर्न नियमित बजार अनुगमनको व्यवस्था गर्ने र कानून विपरित काम गरेका व्यापार व्यवसायलाई बन्द गर्नेसम्मको कारबाही अघि बढाउने,
- १६ वर्ष उमेर नपुगेकाले मदिरा, चुरोट, सूर्तिजन्य पदार्थजस्ता चिजबस्तुको खरिद गर्न नपाउने व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्ने,
- स्वास्थ्य विमा कार्यक्रमलाई सबै नगरबासीको पहुँचमा पुऱ्याउने, अति गरिबका लागि नगरपालिकाले नै स्वास्थ्य विमा गरिदिने व्यवस्था मिलाउने,
- खुला दिशामुक्त, पूर्ण सरसफाई र पूर्ण खोपयुक्त जिल्ला तथा नगरपालिका घोषण भैसकेको सन्दर्भमा त्यसको दिगो र निरन्तर कार्यान्वयनका लागि ध्यानदिने तथा नगरपालिकाभित्रका सार्वजनिक स्थानहरुमा पर्याप्त पानी सहितको शौचालयको निर्माण र व्यवस्थित सञ्चालन गर्ने,

## ६. कृषि तथा पशुपालन

- नगरक्षेत्रभित्र कटुवाचौपारी, चुवा, पकुवा, पिपलटारी, खुर्कोट क्षेत्रमा व्यवसायिक तरकारी खेती र पाङ खुर्कोट र ज्ञादीको फाँटलाई अन्नको भण्डारको रुपमा विकास गर्न सकिने स्थिति छ भने ठूलीपोखरी, खौला, पिपलटारी, दुर्लुङ, आर्थर, पकुवा क्षेत्रलाई बाखा, कुखुरापालन तथा लप्सी उत्पादन पकेट क्षेत्र एवं आर्थर, दुर्लुङ, खुर्कोटलाई सुन्तला उत्पादन क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना भएकाले सोही अनुसार दिर्घकालीन रणनीति बनाई कार्यान्वयनमा लैजाने,
- पिपलटारी, खौला, ठूलीपोखरीलाई कफी तथा अलैंची उत्पादन क्षेत्रको रुपमा समेत विकास गर्न सकिने अवस्था रहेकाले सोही अनुसार योजनाबद्ध कार्य अघि बढाउने,
- कफी तथा लप्सीको सम्भावना भएका क्षेत्रलाई पकेट क्षेत्रको रुपमा घोषणा गरी आवस्यक सहयोग उपलब्ध गराउने र प्रशोधन केन्द्रको स्थापना गर्ने,
- खेतीयोग्य जमिनलाई बाँझो राखी अनुत्पादक बनाउने प्रवृत्तिलाई हत्तोत्साही गर्न जग्गा बाँझो राख्ने जग्गा धनीबाट अतिरिक्त कर असुल्ने व्यवस्था गर्ने,
- पालिकाभित्र उत्पादन भएका तरकारी तथा फलफूलजन्य सामग्रीहरु स्टोरका लागि उपयुक्त स्थानमा शीत भण्डार/कोल्ड स्टोरको निर्माण गर्ने,
- पशुपालक कृषकहरुको दूध उत्पादन तथा बजारीकरणको सुनिश्चितता गर्न दूध चिस्यान केन्द्र स्थापना गर्ने,
- कृषिजन्य उत्पादनको बजारीकरणका लागि नगरपालिकाको मातहतमा रहने गरी कृषि उपज संकलन तथा विक्री केन्द्र स्थापना गरी सञ्चालन गर्ने, उत्पादित कृषि उपजको बजारीकरणको सुनिश्चितता गर्ने अन्यथा नगरपालिका कार्यालयले कृषकलाई न्युनतम मूल्य दिने व्यवस्था मिलाउने,
- नगरपालिकाले कृषकहरुलाई कृषि सामग्री, बीउबिजन तथा विषादी सुपथ मूल्यमा उपलब्ध गराउन 'कृषक अनुदान नीति' लागू गर्ने र पशु तथा बाली विमा कार्यक्रमलाई कार्यान्वयन गर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई थप प्रभावकारी बनाई नतिजामुखी बनाउने,

## ७. संचार र सूचनाप्रविधि

- नगरपालिकाले आवधिकरुपमा आफ्ना गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्ने र सबै वडाहरुमा नागरिक बडापत्रको व्यवस्था गर्ने,
- नगरपालिकाले सम्पादन गर्ने जनसरोकारका मूख्य विषयहरु बारेमा टेलिफोन सेवा प्रदायक निकायहरुसँगको सहकार्यमा एसएमएसमार्फत र सामाजिक सञ्जालहरुमार्फत सूचना सम्प्रेषण गर्ने प्रणाली स्थापित गर्ने,
- नगर क्षेत्रभित्र संचालित सञ्चार माध्यमहरु तथा संचारकर्मीहरुको क्षमता अभिवृद्धि, विकास र दीगोपनाका लागि पत्रकार महासंघसँगको समन्वयमा आवश्यक नीति निर्माणमार्फत संचार माध्यममैत्री कार्यक्रम बनाई लागू गर्ने,
- नगरपालिकाभित्र क्रियाशील सञ्चारकर्मीहरुलाई मापदण्ड बनाई स्वास्थ्य तथा जीवन विमाको कार्यक्रम प्रारम्भ गर्ने,
- नगरपालिकाको बजेट तथा कार्यक्रममा संचारक्षेत्रको दीर्घकालीन सवलीकरणका अनुदान नीति अख्तियार गर्ने,
- नगरक्षेत्रभित्र एक सुविधासम्पन्न विद्युतीय पुस्तकालय तथा वाचनालय र नगर सूचना एवं श्रोतकेन्द्र स्थापना गर्ने,
- नगरक्षेत्रभित्र ल्याण्ड लाइन फोनको विस्तार गरी नगरक्षेत्रका सबै विद्यालयमा रहेका विद्यालय पुस्तकालय र सामुदायिक सिकाइ केन्द्रहरुमा इन्टरनेटको पहुँच सुनिश्चित गर्ने,
- नगरपालिकाको तथ्यतथ्याङ्क, सूचना र जानकारीहरुलाई आधुनिक प्रणाली अन्तरगत व्यवस्थापन गर्न 'डाटा बैंक'को स्थापना गरी सञ्चालनमा ल्याउने,
- नगरपालिकाको प्रवक्ताको भूमिकालाई साच्चिकै प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाउने,

## ८. उद्योग, व्यापार तथा व्यवसाय

- निजी क्षेत्रको लगानीमा सञ्चालित कुश्मा बलेवा यान्त्रिक पुल र निमार्णधिन एशियाकै अग्लो बञ्जी जम्प तथा रोप साइक्लिङको प्रवर्धन, संरक्षण र सम्बर्द्धन गर्न आवश्यक नीति निर्माण गरी यस्ता अन्य क्षेत्रहरुको पहिचान गर्दै थप लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- कुश्मा बजारक्षेत्रलाई पहिलेकोजस्तै र अझ बढी गुल्जार बनाउन बजार व्यवस्थापन एवं उद्योग व्यवसाय प्रवर्द्धनका लागि निजी क्षेत्र, पर्वत उद्योग वाणिज्य संघ तथा घरेलु तथा साना उद्योग महासंघ पर्वत लगायतका संस्थाहरुसँग समन्वय गरी साझा कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने,
- सहकारी तथा कम्पनीको माध्यमबाट सामुहिक बाख्रापालन, गाई, भैंसीपालन, कुखुरापालन, माछापालन र व्यवसायिक तरकारी खेतीतर्फ बेरोजगार युवाहरुलाई आकर्षित गरी कुश्मा नगर क्षेत्रलाई दूध, मासु र तरकारीमा आत्मनिर्भर बनाउने योजनाका साथ कार्यक्रम सञ्चालन गर्ने,
- नगरपालिकाको आम्दानी र स्वरोजगारी निर्माणका लागि लप्सी, लप्सीजन्य परिकार, अलैंची, कफी, अम्रिसोजस्ता उत्पादनहरुको निर्यातजन्य उद्योगहरु स्थापना गर्ने,
- स्थानीय उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरु संचालन गर्नका लागि वाह्य लगानी भित्राउन आवश्यक कानून र नियमको तर्जुमा गर्ने र स्थानीय व्यवसायी उद्योगीलाई सुलभ दरमा ऋण उपलब्ध गराउने व्यवस्थाका लागि सहजीकरण गर्ने,

## ९. विद्युत तथा ऊर्जा

- नगरपालिकाका सबै वडा 'आयोजना प्रभावित क्षेत्र' अन्तरगत पर्ने भएकाले नियमित विद्युत आपूर्तिको सुनिश्चिताका लागि विद्युत प्राधिकरणसँग समन्वय गर्ने, विद्युत कटौती र घटबडका कारणबाट उद्योग, कलकारखाना, सञ्चारमाध्यम तथा विद्युतीय सामग्रीमा हुने क्षती तथा हानी नोक्शानी कम गर्न संवेदनशील हुने, क्षती मूल्यांकन गरी क्षतीपूर्ती गर्नका लागि आवश्यक सहजीकरण गर्ने,
- कुश्माबजार र अन्य वडाका विद्युत उपभोक्ताहरुले विद्युत महशुल बुझाउन पूरै दिन खर्चिनुपर्ने वर्तमान अवस्थाको अन्त्य गर्न पायकपर्ने उपयुक्त स्थानहरुमा महशुल काउण्टरको व्यवस्था यथाशिघ्र गर्ने,
- कुश्मा नगर क्षेत्रभित्र पर्ने कालीगण्डकीर मोदी नदीमा जलविद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन भइसकेकोले सोका लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोगको वातावरण मिलाउने,
- जलविद्युत उत्पादनका क्षेत्रमा अग्रणी जिल्ला भएर पनि चर्को विद्युत शुल्क बुझाउन नागरिकहरु अभिशप्त छन्, तसर्थ नगरपालिकाको पहलमा विशेष व्यवस्था गरी विद्युत शुल्क घटाउनका लागि सहजीकरण गर्ने,
- नगर क्षेत्रभित्रका सबै वडा र टोलमा 'थ्रीफेज विद्युत, फलामे/आल्मुनियम पोल' अभियानका रुपमा लागू गरी काठका पोल विस्थापन गर्ने,
- नगर क्षेत्रभित्र रहेका अव्यवस्थित विद्युतीय प्रसारण लाइन तथा पोलहरुलाई स्थानीयहरुको रोहवरमा थप व्यवस्थित गरी विद्युतीय दुर्घटना न्यूनीकरण गर्नका लागि विजुलीका तारलाई कुचालक ज्यापरभित्र राख्ने व्यवस्था कार्यान्वयन गर्न पहल गर्ने,
- खाना पकाउने ग्याँसको सुलभ आपुर्तीको व्यवस्था गर्न वडा-वडामा सव-डिलरको व्यवस्था गर्ने र ग्याँस सिलिण्डरको गुणस्तर, तौल र नियमित सेवाका बारेमा आपूर्तिकर्ता र डिलरलाई जिम्मेवार बनाउने व्यवस्था गर्ने,
- सम्भावित ठाउँहरुमा वैकल्पिक उर्जा, वायु उर्जा र सौर्य उर्जा उत्पादनमा जोड दिई मुख्य सडकहरुमा सडक बत्तिको व्यवस्था गर्ने,

## १०. वन तथा वातावरण

- नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति र निजी वनवालाहरुसँग सहकार्य गरी वनको संरक्षण, वनजन्य उत्पादनको व्यवस्थापन र जलवायु परिवर्तनका असरहरुका बारेमा कार्यक्रम तयगरी लागू गर्ने,

- कुश्मा नगर क्षेत्रको मध्ये भागमा रहेको रिठे खोलादेखि अम्बोटसम्मको करीब ५ किलोमिटर जंगल, पर्यटकीय स्थल पञ्चासे क्षेत्रको जंगल र एकोहोरेको जंगल जैविक विविधता, वातावरण एवं जडीबुटी संरक्षणका लागि महत्वपूर्ण रहेकोले सामुदायिक बन उपभोक्त समूहलगायत अन्य सरोकारवालासँगको सहकार्यमा विशेष 'नगर वन क्षेत्र'को रुपमा विकास गर्दै पर्यापर्यटनको प्रबर्द्धन गर्ने,
- अव्यवस्थित बजारीकरण, सवारीसाधनहरुको कोलाहल, सडक निर्माणमा प्रयोग भएका ठूला यान्त्रिक साधनहरु आदिका कारणले पालिकाक्षेत्रमा दिन प्रतिदिन वायु प्रदुषण, जल प्रदुषण, ध्वनी प्रदुषण, भू-क्षय, बाढी, पहिरोजस्ता समस्याहरु देखापरिरहेको सन्दर्भमा यो अवस्था नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- कुश्मा नगरपालिकाले यस अघि नै आफूलाई 'प्लास्टिकमुक्त नगर'का रुपमा घोषणा गरिसकेको सन्दर्भलाई स्मरणमा राख्दै घोषणा कार्यान्वयनमा तिब्रताका साथ कार्य अघि बढाउने,

## ११. धर्म संस्कृति र सामाजिक सुरक्षा

- आदिवासी, जनजाति, मुस्लिम, कुमाल, माझी (बोटे) लगायतका समुदायको भाषा, संस्कृति संरक्षणका लागि विशेष कार्यक्रम बनाई लागू गर्ने,
- नगरक्षेत्रभित्रका विभिन्न जानजाति र समुदायमा परम्परादेखि प्रचलित संस्कृति एवं सामाजिक मूल्य मान्यताहरुको संस्थागत रुपमा संरक्षण गर्ने व्यवस्था मिलाउने,
- नेपाली लोकपरम्पराको मौलिक परिचयसँग जोडिएका पञ्चेबाजा, धिमेबाजा आदिको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने,
- नगरक्षेत्रभित्र घरपरिवारबाट अलग्गिएका, जोखिमपूर्ण श्रममा परेका, अभिभावकविहीन अनाथ तथा असहाय बालबालिकाहरुका लागि बालगृह संचालन गर्ने,
- नगरक्षेत्रभित्र घरपरिवारबाट अलग्गिएका, जोखिमपूर्ण श्रममा परेका, अभिभावकविहीन अनाथ तथा असहाय बालबालिकाहरुका लागि बालगृह संचालन गर्ने,
- पवित्र धार्मिकस्थल मोदीवेणी दिव्यधाममा सुविधासम्पन्न वृद्धाश्रम निर्माण कार्य सम्पन्न गर्न आवश्यक सहयोग गर्ने,
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका नागरिक, अल्पसंख्यक समुदायका व्यक्तिहरुका लागि विशेष व्यवस्था गरी सम्मानजनक सामाजिक वातावरण तयार गर्ने,

## १२. कला तथा साहित्य

- माटाका भाँडा बनाउने, काठका ठेका कुँद्ने जस्ता लोपोन्मुख प्रविधिहरुको संरक्षण र सम्वर्द्धन गर्ने,
- विभिन्न जातजातीका मौलिक कला, भाषा, संस्कृतिको संरक्षणका लागि आवश्यक सहयोग गर्दै स्थानीय नाटक, नाचगान आदिका माध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने वातावरण निर्माण गर्ने,
- साहित्य, कला र संस्कृतिको जगेर्ना गर्न नेवार, गुरुङ, मगर लगायतका समुदायमा प्रचलित लाखेनाच, रोदी, घाटु नाच, देवी नाच, विभिन्न नामका जात्रा, भजनकीर्तनको संरक्षण गर्न उचित बजेटको व्यवस्था गर्ने,
- आवधिक रुपमा साहित्यिक सम्मेलनको आयोजना गर्ने र पालिकाभित्र स्थापना भएका साहित्यिक संघसंस्थाहरुको संस्थागत विकास तथा सवलीकरणका लागि आवश्यक सहयोग गर्ने,

## १३. अन्य क्षेत्र

- धार्मिक प्रमाणको आधारमा यस जिल्लालाई जगतमाता पार्वतीको जन्मस्थान मानिएको छ । पार्वतीको जन्मस्थान कुश्मा नगरपालिकाको पाङमा भएको भन्ने प्रमाणको आधारमा पर्वत नामाकरण भएको पाइन्छ । यसो भएको हुनाले समग्र कुश्मा नगरपालिका क्षेत्रलाई 'पार्वती क्षेत्र' नामाकरण गरी मौलिक परिचय दिन सकिने,

- विसं. २०७२ को भुकम्पले क्षती पुऱ्याएका वडाहरु र अरु स्थानमा पुनर्निर्माण तथा नवनिर्माण अभियान सञ्चालन गर्दा बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ (संशोधनसहित) कार्यान्वयन गर्ने,
- विपद् व्यवस्थापनका लागि नगर विपद् व्यवस्थापन कार्ययोजना तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गैससहरु, सञ्चारकर्मीलगायतका निकायसँग समन्वय र सहकार्य गर्ने,
- बढ्दो बेरोजगारीका कारण युवाहरुको वैदेशिक पलायनलाई रोक्ने उद्देश्यले बेरोजगार युवाहरुलाई आफ्नो घरगाउँमा वस्न प्रेरित गर्दै उनीहरुलाई सीपमूलक प्राविधिक तालिमहरु दिई व्यवसायिक कार्ययोजनाको आधारमा निर्व्याजे ऋण, सहुलियत ऋण, अनुदान उपलब्ध गराई स्वरोजगारीको सिर्जना गर्ने, नेपाल सरकारले लागू गरेको शैक्षिक प्रमाणपत्र धितोराखी बेरोजगार युवाहरुलाई दिने ऋणको प्रभाव छिटोछरितो बनाउनका लागि सहजीकरण गर्ने,
- दिगो विकासका लक्ष्य प्राप्ति, गरिबी निवारण, सशक्तीकरण, जनसचेतीकरण, मानवअधिकार, लैङ्गिक समानता, समावेशीकरण, सहभागिता, सामाजिक न्याय आदिका क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाहरुलाई आवश्यक वातावरण उपलब्ध गराई उनीहरुको कामकारबाहीको निरन्तर अनुगमन र नियमन गर्ने संयन्त्र निर्माण गर्ने,
- दलित, सिमान्तकृत, अल्पसंख्यक, महिला तथा बालबालिकाकाहरुको सर्वपक्षीय हित प्रबर्धन गर्नका लागि विशेष कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने,
- नगर क्षेत्रभित्र सहज आवागमनका लागि यातायात व्यवसायीहरुसँग समन्वय गरी बाह्रै महिना यातायात सुचारु गर्नका लागि नगर वस संचालन गर्ने,
- कुश्मा नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित गराउन देशबाहिरका प्रमुख शहरहरुमा भगिनी सम्बन्ध कायम गरी विभिन्न मोडेलमा सहयोग आदानप्रदान गर्ने,
- विश्वका ख्यातिप्राप्त शहरहरुको विकासको अवधारणा अनुसार कुश्मा नगरपालिकाको विकास अगाडि बढाउने नीति अख्तियार गर्ने,

**अवसर**

- संविधानले व्यवस्था गरेअनुरुप आफूलाई आवस्यकपर्ने नीति नियम, कानून तथा ऐनहरु निर्माण गर्न नगरपालिका स्वतन्त्र छ,
- आफ्नो नगरपालिकाको बृहत्तर विकास र समृद्धिका लागि आ-आफ्नो स्थानबाट सक्दो भूमिका निर्वाह गर्न नगरबासीहरु तम्तयार भएर बसेकाछन्,
- जिल्लामा क्रियाशील र यस नगरपालिकामा क्रियाशील सबैजसो राजनैतिक दलहरुले तीनै तहको निर्वाचनका लागि जारी गरेका घोषणापत्रहरुमा कुश्मा नगरपालिकाको सर्वोपरी विकासका लागि आ-आफ्ना प्रतिबद्धता सार्वजनिक गरेको स्थिति हो,
- नेपाल सरकारबाट प्राप्त हुने बजेटबाहेक स्थानीयरुपमा करको दायरा बढाउँदै आन्तरिक श्रोत जुटाउने अवसरहरु उपलब्ध छन्,
- जिल्लाबाट ७ जना व्यत्तित्वहरुले जनताको प्रतिनिधिका रुपमा संघीय संसद र प्रदेश संसदमा प्रतिनिधित्व गर्नुभएको छ,
- यसै जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने श्रद्धेय गणेशप्रसाद तिमिल्सिनाले आगामी ६ वर्षका लागि राष्ट्रियसभाको सम्माननीय अध्यक्ष पदमा भूमिका निर्वाह गर्दै हुनुहुन्छ,
- गण्डकी प्रदेशको सभामुखका रुपमा यसै जिल्लाबाट मात्र होइन, यसै नगरपालिकाका श्रद्धेय नेत्रनाथ अधिकारीले भूमिका निर्वाह गर्दै हुनुहुन्छ,
- यसै जिल्लाका श्रद्धेय विकास लम्साल गण्डकी प्रदेशका वन, वातावरण, उद्योग तथा पर्यटन मन्त्रीको भूमिकामा हुनुहुन्छ,
- नगरपालिकाका विभिन्न पदमा निर्वाचित जनप्रतिनिधिहरु आफूलाई जनताले दिएको जिम्मेवारी पूरा गर्न निष्ठाका साथ प्रतिबद्ध हुनुहुन्छ,

🕊 जनप्रतिनिधिहरुलाई सहयोग गर्न नेपाल सरकार र नगरपालिकाको कर्मचारी संयन्त्र इमान्दारीपूर्वक प्रतिबद्ध छ भन्ने विश्वास गर्न सकिन्छ,
🕊 नगरपालिकाको समृद्धिका लागि आफ्नो स्थानबाट योगदान गर्न निजी क्षेत्र, विभिन्न गैरसरकारी संघसंस्थाहरु, पेशाकर्मी, बौद्धिक समुदाय र नागरिक समाज तत्पर छ,
🕊 स्थानीय सरकारको संस्थागत क्षमता विकास, सवलीकरण तथा सशक्तीकरणका लागि संघीय र प्रादेशिक सरकार सकारात्मक भएको अवस्था छ,
🕊 जिल्लाभित्रका पालिकाहरुका बीचमा आवश्यक सहयोग तथा सहकार्यको वातावरण निर्माणका लागि सहजीकरण गर्न जिल्ला समन्वय समिति तयार रहेको स्थिति छ,
🕊 नगरपालिका क्षेत्रभित्र रहेको सडक सञ्जाल, शिक्षा, कृषि, स्वास्थ्य, खानेपानी, सिंचाई, पर्यटन, सञ्चारआदि जस्ता पूर्वाधारहरु आगामी गन्तव्यका लागि सहयोगीका रुपमा रहेकाछन्,

**चुनौती (अवसर ?)**

अवसर र सम्भावनाहरु एक्लाएक्लै आएका हुँदैनन्, यिनका साथमा केही न केही आन्तरिक तथा बाह्य चुनौतीहरु पनि सँगसँगै आएका हुन्छन् । तर ती चुनौतीहरुलाई सुझबुझपूर्ण तरिका दृढ अठोट एवम् इच्छाशक्तिका साथ सम्बोधन गर्न सक्ने हो भने तिनलाई जाज्वल्यमान अवसर र सम्भावनाका रुपमा परिवर्तन गर्न नसकिने होइन । कुश्मा नगरपालिकाका लागि पनि केही देखिने र कतिपय नदेखिने खालका चुनौतीहरु छन् नै । यहाँ केही चुनौतीहरुलाई बुँदागत रुपमा उठान गरिएको छ । उल्लिखत चुनौतीहरुलाई समयमा नै पहिचान तथा मनन गरी यथोचित सम्बोधन गर्ने आँट र हिम्मत राख्ने हो भने नगरपालिकाको अग्रताको दिशामा यी चुनौतीहरु सकारात्मक सहयोगीका रुपमा बदलिन पनि सक्दछन् ।

- ✓ महशुष हुनेगरी विकास र परिवर्तनका प्रतिको उत्कट जनचाहना
- ✓ नगरपालिकासम्बद्ध निकायहरुसँग ठोस र दूरगामी दृष्टिकोणको अभाव/योजना विहीनता
- ✓ लगानीका लागि आर्थिक स्रोतको सीमितता र विषयगत दक्ष जनशक्तिको अभाव
- ✓ दलीय असमझदारी, सहकार्य र पारस्परिक सहयोगको अभाव
- ✓ दीर्घकालीन महत्वका योजनामा भन्दा टुक्रे योजनामा बजेट विनियोजन गर्ने प्रवृत्ति
- ✓ दलका कार्यकर्ता रिझाउनका लागि कम महत्वका क्षेत्रमा खर्च
- ✓ वडागत रुपमा भौगोलिक विविधता र विषमता
- ✓ भौतिक निर्माणका क्षेत्रमा ठेक्कापट्टाको परम्परागत पद्धतिले सिर्जना गर्ने समस्या/हेबी इक्युप्मेन्टको जथाभावी प्रयोगले वातावरणमा परेको नकारात्मक प्रभाव
- ✓ समयमा बजेटको विनियोजन हुन नसक्नु, फरफारकमा हुने झन्झट, परम्परागत लेखा प्रणाली (प्रविधिमा दक्ष कर्मचारीको अभाव)
- ✓ संघीय, प्रादेशिक र स्थानीय सरकारका बीचमा पर्याप्त समन्वय नहुनु (?)
- ✓ परिवर्तित सन्दर्भमा कर्मचारीतन्त्रले आफूलाई अनुकुलन गर्न नसक्नु/नागरिकका काम छिटो छरितो नहुनु
- ✓ सेवा प्रदायक निकायहरुका काम कारबाहीकाप्रति अझै पनि नागरिकहरुको संसय कायम नै रहनु
- ✓ नागरिकका काम अझै पनि चुस्त दुरुस्त ढंगले सम्पादन हुन नसक्नु
- ✓ नगरपालिका क्षेत्रभित्र उपलब्ध विषयगत जनशक्ति, नागरिक समाज र पोखरा, काठमाण्डौंलगायतका स्थानमा बसोबास गर्ने विषयगत विज्ञ तथा स्रोतव्यक्तिहरुसँग प्रभावकारी सहकार्य गर्न नसकिनु
- ✓ निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो भूमिकाका बारेमा पर्याप्त मात्रामा तालिम, अनुशिक्षण तथा निर्देशन प्राप्त गर्न नसक्नु
- ✓ लोकतन्त्रका नाममा सवत्र अनुशासनहीनता, नैतिकशिक्षाको कमी र अराजकताको प्रधानता
- ✓ स्थानीय सरकारका पदाधिकारीहरुका बीचमा संरचनागत (माथि-तल र तल-माथि) सु-सम्बन्ध कायम हुन नसक्नु ।

**निश्कर्ष**

धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेको यस कुश्मा नगरपालिकाको चौतर्फी विकास गर्न सकिने प्रचुर सम्भावनाहरु छन् । माथि उठान गरिएका चुनौतीहरुलाई यदि कुशलतापूर्वक सकारात्मक धारमा रुपान्तरण गर्न सक्ने हो भने तिनलाई अवसरका रुपमा ग्रहण गर्न सकिने स्थिति छ । जिल्ला सदरमुकामसमेत रहेको कुश्मा नगरपालिकाको सर्वाङ्गीण विकास र समृद्धिका लागि यहाँ क्रियाशील राजनैतिक दल, तिनका नेता तथा कार्यकर्ता, उद्योगी-व्यवसायी, सिङ्गो नागरिक समाजसहित अन्य सम्बद्ध सरोकारवालाहरु बीचको एकमना एकता जरुरी छ । अरु विषयहरुमा मतान्तर हुन सक्दछ तर सार्थक विकास, रुपान्तरण, सुशासन, उन्नती-प्रगति र समृद्धिका विषयलाई साझा एजेण्डा बनाएर अघि बढ्नुको कुनै विकल्प छैन । यसो हुन सकेमा मात्र कुश्मा नगरपालिकाले आफ्नो काया फेर्न सक्दछ भन्ने कुरामा सायदै विमती रहला ।

कुश्मा नगरपालिका जिल्लाका ७ वटा स्थानीय सरकारहरु मध्ये सबैभन्दा बढी आशा र विश्वास गरिएको निकाय हो । यसले गरेका काम कारबाहीहरु बाँकी ६ वटा पालिकाका लागि अनुकरणीय हुन सक्दछन् । सीमित साधन स्रोतका बाबजुत पनि यस नगरपालिकाले आफूलाई सक्षम सावित गर्नै पर्दछ । निर्वाचनका बेला नागरिकसँग गरिएका कबुल र बाचा सम्झेर मात्र होइन, आफू स्थानीय हुनुका नाताले पनि आफ्नो ठाउँलाई बस्नलायक, सभ्य, समृद्ध र समुन्नत बनाउने जिम्मेवारीबाट पछि हट्ने छुट नगरपालिकाका सम्बद्ध पदाधिकारीसहित पालिकाबासी नागरिकहरु कसैलाई पनि छैन । जनताका दैनिक प्रशासनिक काम र विकास निर्माणका गतिविधिमा कुनै पनि प्रकारको अनियमितता, अपारदर्शिता, भाइभतिजावाद र लप्पनछप्पन स्वीकार्य हुनु हुँदैन । फराकिलो लोकतान्त्रिक आचरण र उच्च राजनैतिक नैतिकताको कसीमा नेतृत्ववर्ग खरो उत्रनका लागि तयार हुनै पर्दछ ।
परिवर्तन, रुपान्तरण, विकास र समृद्धि सम्भव छ, र यसका लागि स्वच्छ आचरणलेयुक्त व्यवहारको खाँचो पर्ने भएकाले कुश्मा नगरपालिकाको समुन्नतीका लागि अहोरात्र खट्ने कसम खाएर निर्वाचन जितेको नेतृत्व र नेतृत्व चयन गर्न मतदान गर्ने हामी मतदाताहरु सजगतापूर्वक आफ्नो भूमिकामा समवेत् जुट्ने समय आएको छ । विकास निर्माणका गतिविधिहरुमा नागरिकको पूर्ण सहभागितासहित जवाफदेहिता, पारदर्शिता तथा जनउत्तरदायी शासनलाई कुश्मा नगरपालिकाले आफ्नो आदर्शका रुपमा स्थापित गर्न सक्नुपर्दछ । सहयोगी हातहरुको साथ र समर्थनमा मौजुदा अवस्थाको वस्तुगत, यथार्थपरक, ठोस र निर्दिष्ट विश्लेषण गरी योजनाबद्ध ढंगले काममा अग्रसर हुँदा कुश्मानगरपालिकाको समृद्धिको यात्रा सफल हुने कुरामा शंका रहँदैन । धन्यवाद ॥

**<u>सन्दर्भ सामग्री :</u>**

१. तत्कालीन नेकपा एमाले, पर्वतले नगरपालिका निर्वाचनका समयमा जारी गरेको प्रतिबद्धता पत्र, २०७४
२. तत्कालीन नेकपा माओवादी केन्द्र, पर्वतले नगरपालिका निर्वाचनका समयमा जारी गरेको प्रतिबद्धता पत्र, २०७४
३. नगर विकास योजना -आ.व. २०७४/०७५, कुश्मा नगरपालिकाको कार्यालय
४. नेपाली काँग्रेस, पर्वतले नगरपालिका निर्वाचनका समयमा जारी गरेको प्रतिबद्धता पत्र, २०७४
५. नेपालको संविधान, २०७२
८. पर्वत दपर्ण, २०६८

*(कुश्मा नगरपालिकाको कार्यालयले आयोजना गरेको "कुश्मा नगरपालिकाको विकासका सम्भावना, अवसर र चुनौती" विषयक संवाद कार्यक्रममा प्रस्तुत गरिएको अवधारणा पत्र, १८ श्रावण २०७५)*